# विदेशी केयरगिवरसँगको रोजगारी करारनामा

**पहिलो पक्ष**

श्रीमान/श्रीमती : ..........................................

परिचयपत्र नं. : ..................................

ठेगाना : ......

फोन नं : ......

रोजगारदाता अदालतद्वारा आदेशित संरक्षक वा त्यस प्रकारको प्रतिनिधि भए अदालतद्वारा जारी गरिएको आदेशको प्रमाण र प्रतिनिधिको जानकारी अनिवार्य रुपमा संलग्न गरिनुपर्छ ।

(यसपछि "रोजगारदाता" भनी उल्लेख गरिएको)

र:

**दोश्रो पक्ष:**

कामदारको नाम..............................

परिचयपत्र नं.: ............................................

राहदानी नं. : .................................................................

आएको देश : ...............................

विदेशको ठेगाना :.........................................................................................

(यसपछि "कामदार" भनी उल्लेख गरिएको)

## १. प्रस्तावना

क. रोजगारदाता अशक्त बृद्ध वा अपाङ्ता भएको अशक्त व्यक्ति, वा
ख. रोजगारदाता निम्नबमोजिमको अशक्त बृद्ध वा अपाङ्ता भएको अशक्त व्यक्तिको छोरा/छोरी/सहोदर दाजु भाई दिदी बहिनी/आमाबुबा वा अदालतद्वारा आदेशित संरक्षक भए (कृपया उचित सम्बन्धमा गोलो चिन्ह लगाउनुहोस र अन्य विकल्पहरुमा नकरात्मक चिन्ह (**X**) लगाउनुहोस) :

अशक्त व्यक्तिको नाम ...........................

अशक्त परिचयपत्र नं ............................

अशक्तको ठेगाना : ..................................... (यसपछि अशक्त भनी उल्लेख गरिएको)

(कृपया क वा ख मध्ये असान्दर्भिक विकल्पलाई क्रस गर्नुहोला)

रोजगारदाता वा अशक्तले इजरायलको जनसंख्या तथा अध्यागमन विभाग (यसपछि पिबा भनिने)द्वारा जारी गरिएको मान्य अनुमति नं......... प्राप्त गरेको र उक्त अनुमति पत्रले अनुमति वाहकलाई (यसपछि रोजगारी अनुमति वाहक भनिने) विदेशी हेरचाह प्रदान गर्ने व्यक्तिलाई आफ्नो घरमा बसेर काम गर्ने अनुमित दिएकाले;

कामदारले निजसँग अंग्रेजी भाषा बोल्ने आधारभुत ज्ञान भएको सुनिश्चित गर्ने परीक्षा उत्तीर्ण गरेको र निजले आफ्नो राज्यमा स्वास्थ्य हेरचाह तालिमका अलावा वृद्धहरुको हेरचाहसम्बन्धि ६० घण्टे कोर्ष पुरा गरेकाले;

रोजगारदाताले निज कामदारलाई माथि उल्लिखित ठेगानामा अवस्थित आफ्नो घरमा पुर्ण समय हेरचाह गर्ने पदका लागि प्रस्ताव गरेकोले;

कामदार र रोजगारदाता/अशक्तका विचमा सम्बन्ध स्थापित गरिदिन र पिबाको कार्यविधि अनुसार यस सम्झौताअर्न्तगत उक्त रोजगारीलाई अनुगमन गर्नका लागि ................. कम्पनी नं......... फोन नं........... (यसपछि एजेन्सी भनिने) भएकाले;

कामदारले एजेन्सिले तोके बमोजिमको रोजगारीको जिम्मेवारी तथा शर्तहरुका सम्बन्धमा जानकारी प्राप्त गरेपश्चात उनी रोजगारी अनमतीपत्र वाहकको घरमा कार्यसप्ताहको पूर्ण अवधिभर रहन लगायत इजरायलमा पूर्णकालिन कामदारका रुपमा हेरचाहसम्बन्धि आवश्यक जिम्मेवारी पूरा गर्न तयार, इच्छुक र समर्थ रहेको घोषणा गरेकाले;

तसर्थ पक्षहरूको बीचमा निम्नानुसार सहमति निर्धारण गरिएको छः

१. यो सम्झौताको प्रस्ताबना सम्झौताको अभिन्न भागका रुपमा रहेको छ।

२. यो सम्झौता पुरुष फारममा लेखिएको हो, तर पुरुष र महिला दुवै उत्तिकै लागू हुन्छ।

३. यदि यस करारमा उल्लेख गरिएको शर्त र संगै बस्ने विदेशी केयरगिवरसँग सम्बन्धित इजराएली श्रम कानून को प्रावधान तथा वर्तमान अदालती कानून वा विस्तारीत आदेश बाझियो भने प्रचलित इजराएली श्रम कानूनको प्रावधान लागु हुनेछ।

## ४. कामदारको कर्तव्य

क. रोजगारदाताले कामदारलाई प्रस्तावनामा उल्लेख भए बमोजिम विदेशी केयरगिवर रोजगारी अनुमतीपत्रबाहकलाई घरमा आधारित हेरचाहसम्बन्धि सेवाहरु उपलब्ध गराउनका लागि साथै बस्ने केयरगिवरका रुपमा रोजगारी दिनेछ।

ख. कामदारको कर्तव्य देहाय बमोजिम हुनेछः आवश्यकता अनुसार र रोजगारदाता वा निजको जिम्मेवार पारिवारिक सदस्य वा एजेन्सिले दिएको तालिम तथा निर्देश अनुसार कामदारले रोजगार अनुमतिपत्रबाहकलाई निम्नलिखित लगायत निजको दैनिक जिवनका कार्यहरु जस्तै, लुगा लगाउने, स्नान र सफाई, सौच गर्ने वा डाइपर लगाउने, खाना बनाउने, खाना खाने तथा सफा गर्ने, तोकिएका औषधिहरु दिने, सामान उचाल्ने, ल्याउने, लैजाने, रोजगारदाता बस्ने

घरको भागको उपयुक्त रुपमा सरसफाई गर्ने, सामान किन्ने, लुगा धुने तथा रोजगारदाता घर बाहिर जाँदा सँगै जानेलगायतका कामहरुमा लगनशील र कुशल सहायता प्रदान गर्ने ।

ग. उल्लेखित कामदारलाई इजराएलमा चिकित्सा व्यवसायीको रूपमा काम गर्न इजाजत छैन भन्ने कुरामा जोड दिइएको छ निजलाई इजराएलमा अनुमतिपत्रप्राप्त चिकित्साकर्मीले मात्र गर्न सक्ने किसिमको कामहरु गर्न लगाइनेछैन ।

## ५. कामदारको दायित्व

क. कामदारले रोजगार अनुमतीपत्रबाहकको अशक्तता तथा निजको विशेष आवश्यकताहरुसम्बन्धी जानकारीहरु प्राप्त गर्नुका साथसाथै यस करारको अभिन्न अंगका रुपमा रहेको परिशिष्ट क मा उल्लेख भए अनुसार रोजगार अनुमतिपत्र बाहकको घरमा कामदारलाई उपलब्ध गराइने जिवनयापनको व्यवस्थाका बारेमा बुझेको घोषणा गर्दछ र उ यस करार तथा माथि उल्लेखित परिशिष्ठमा उल्लेख गरिएका जिम्मेवारीहरु पुरा गर्न इच्छुक र सक्षम रहेको, र रोजगारदाता वा निजको परिवारको जिम्मेवार सदस्य वा एजेन्सिले दिएको उपयुक्त निर्देशन अनुसार राम्रो विश्वासमा कार्य गर्नेछ भनी घोषणा गर्दछ ।

ख. कर्मचारीले एक उच्च र कुशल मानक गर्न हुनेछ, रोजगार अनुमति होल्डर फाइदाको लागि र आफ्नो हितको लागि आफ्नो कौशल, ज्ञान र अनुभव सबै प्रयोग गने छ र भक्ति र वफादारी साथ आफ्नो जिम्मेवारी पूरा गर्नको लागी अनुशासन र व्यवहार कार्यन्वयन को तरिका बारे रोजगारदाताले कर्मचारी को उचित निर्देशन पालन गर्नेछ।

## ६. अवधि

क. रोजगारीको अवधि एक बर्षको हुनेछ, जुन बैध B1 भिसा (केयरगिविंग कार्य) मा इजराएलमा कामदारको प्रवेश भएको मिति देखि सुरु भई त्यसरी प्रवेश गरेको मितीबाट एक वर्ष पश्चात समाप्त हुनेछ ।

ख. सम्झौताको अवधि पिबाले पिबा कार्यविधिअर्न्तगत जारी गरेको विदेशी केयरगिवर रोजगार अनुमतिपत्र, कर्मचारीको द्यज्ञ भिषा र कार्य अनुमतिको को निरन्तर वैधता तथा आवश्यकताअनुसार उक्त अनुमतिपत्र तथा भिसाको अवधि थप गर्नमा दुवै पक्षहरु पिबा कार्यविधिअनुरुप एजेन्सिको निर्देशअनुसार आवश्यक सबै कदम चाल्नमा गरेको सहमतीमा भर पर्दछ ।

ग. सम्झौता अवधि तथा माथि उल्लेख गरिएको विदेशी केयरगिवर रोजगारी अनुमतीपत्रको अवधि पश्चात पनि यदि सम्झौताका पक्षहरुले लिखित रुपमा यस सम्झौतामा कुनै परिवर्तन गरेका छैनन र यस सम्झौताका कुनै पनि पक्षले अर्को पक्ष वा जिम्मेवार एजेन्सिलाई यो सम्झौता अन्त्य गर्ने वा अवधि नथप्ने भनी लिखित रुपमा एक महिनाको जानकारी नदिएको अवस्थामा यो सम्झौता निरन्तर रुपमा लागु हुनेछ ।

## ७. कार्यस्थल र कार्य दिन र घण्टा

क.  यस करारमा माथि उल्लेख गरिएको ठेगानामा रहेको रोजगार अनुमतिपत्र बाहकको घर नियमित कार्यस्थलका रुपमा रहनेछ ।  यदि त्यस्तो रोजगारदाता प्रस्ताबनामा परिभाषित गरिएबमोजिको अशक्त छैन भने, त्यस्तो रोजगारदाताको लागि गरीने केयरगिविंगको काम अशक्त व्यक्तिका लागि मात्र गरिने र नियमित कार्यस्थलका रुपमा रोजगारदाताको घर नभई अशक्त व्यक्तिको घर हुनेछ भन्ने स्पष्ट पारिएको छ ।

ख. कामदारको नियमित कार्यसप्ताह प्रत्येक हप्तामा ६ दिनको हुनेछ एक हप्ता हुनेछ ।

ग. कामदारको जिम्मेवारीलाई विशेष तहको व्यक्तिगत भरोसा आवश्यक हुने कामहरुमध्येको रुपमा गणना गरिएको छ, र रोजगारीको अवस्थाका कारण रोजगारदाताले कामदारको काम तथा आराम समयको अनुगमन गर्न सम्भव हुदैन जुन कुरा कार्य र आराम घण्टा कानुन ५७११.१९५१ मा उल्लेख गरिएको छ । यसका अतिरिक्त, रोजगारदाताले रोजगार अवधि र त्यसको ७ दिन पछाडीको अवधिसम्मका लागि कामदारलाई निजको नियमीत ठेगानाका तथा कार्यस्थलका रुपमा रहेको रोजगारी अनुमतीपत्र बाहकको घरमा उपयुक्त बसोवास तथा सुत्ने व्यवस्था उपलब्ध गराउनमा सहमती गरेको छ । तसर्थ, यो कुरामा सहमती छ की कामदारलाई रोजगारी अनुमतीपत्रबाहकका लागि संगै बस्ने केयरगिवरका रुपमा रोजगारी दिइएको हो र निज माथि उल्लेख भए बमोजिमको नियमित कार्यस्थलमा, माथि उल्लेख भएबमोजिमको कार्य सप्ताह अवधिको सम्पूर्ण समयभर, दिनको २४सै घण्टा उपलब्ध हुनेछ र पुनरावेदन नं. १००७.०९ मा सर्वोच्च अदालतले गरेको आदेशअनुसार थपकार्य समय (overtime) का लागि निजले थप भुक्तानी पाउनेछैन ।

घ. माथि जुनसुकै कुरा लेखिएको भएपनि रोजगारदाताले कामको अवधिमा कामदारलाई आराम र वैयक्तिक आवश्यकताहरुका लागि यथोचित समयको विश्राम दिनेछ जुन रोजगारदाता वा निजको परिवारको जिम्मेवार सदस्यसँगको सहमती अनुसार हुनेछ । त्यस्तो विश्रामका समयमा रोजगारदाता वा निजको परिवारको जिम्मेवार सदस्यको पूर्वसहमती विना कामदारले कार्यस्थल छोड्नुहुदैन ।

## ८. साप्ताहिक आराम दिन

कामदारलाई प्रत्येक हप्ता कम्तिमा २४ घण्टा लगतार को एक दिनको साप्ताहिक विश्राम दिन पाउने अधिकार हुनेछ । त्यस्तो साप्ताहिक विश्राम दिवस ...... बजे शुरु भइ ......... बजे समाप्त हुनेछ । (यस दफामा आराम दिन समेटिएको हुनुपर्छ र त्यसमा शुक्रबार, शनिबार र आइतबार मध्ये एक दिन पार्नुपर्नेछ ।)

## ९. छुट्टी र बिदा

क.  कामदारले निजको कार्यावधिको पहिलो ४ वर्षसम्म प्रत्येक वर्ष १२ दिनको भुक्तानी हुने छुट्टी पाउँछ तर त्यसका लागि कम्तिमा पुरा एक वर्ष काम गरेको हुनुपर्छ । त्यस्तो छुट्टी कार्य गरेको वर्षको अन्तिम महिनामा वा त्यसपछिको बर्षमा दिइनेछ । यस्तो व्यवस्था भए पनि कामदारले काम गरेका त्यो वर्ष बढिमा दुई दिन, ३० दिनको पुर्वसूचना दिई, छुट्टी लिन सक्नेछ र त्यस्तो २ मध्ये एक दिन कानुनमा छुट्याईको दिनहरुमध्ये एक हुनुपर्छ । रोजगारदाता यो कुरामा सहमत छ की यदि कामदारले चाहेको खण्डमा रोजगारीको सुरुको ३ वर्षमा प्रत्येक वर्ष ७ दिन मात्र छुट्टी लिन सक्नेछ र बाँकि छुट्टीहरु ३ वर्षपश्चात एकैपटक लिन सक्नेछ । त्यसरी जोडिएको छुट्टी एकैपटक लिन चाहको अवस्थामा कामदारले रोजगारदातालाई कम्तिमा ६०  दिन अगावै सूचित गराउन पर्ने छ ।

ख. सबै छुट्टीको मितिहरु रोजगारदाता वा निजको जिम्मेवार आफन्तसंगको समन्वयमा सम्झौताअनुरुप अग्रिम रुपमा तोकिनुपर्छ ।

ग.  यदि कामदारले छुट्टीको समयमा विदेश भ्रमणको योजना बनाएको छ भने उक्त कुराको जानकारी एजेन्सीलाई समयमै दिनुपर्नेछ जसले गर्दा  एजेन्सीले निजलाई देश छोड्नु अगावै पिबाबाट पुनः प्रवेश भिसा प्राप्त गर्नमा मदत गर्न सक्छ । पुन:प्रवेश भिसाको शुल्कको लागि

१८५ NIS (लगभग ४९ अमेरिकी डलर) तिर्नुपर्ने हुन्छ, जसका लागि कामदार जिम्मेवार हुनेछ र कामदार यो घोषणा गर्दक कि निजलाई थाहा छ कि पुन:प्रवेश भिसा नलीइ देइजराएल छोडेर जाने व्यक्तिलाई पिबाको कार्यविधिअनुसार इजराएलमा पुन:प्रवेश अनुमति दिइने छैन र निजको रोजगारीको अवधि समाप्त हुनेछ ।

घ. माथि उल्लेख गरिएको छुट्टीका अतिरिक्त कामदारलाई सरकार तथा न्याय व्यवस्था अध्यादेश ५७०८-१९४८ अनुसार प्रत्येक वर्ष ९ दिनमा नबढ्ने गरी कामदारले चाहेअनुसार कामदारको धर्म वा राष्ट्रिय बिदा अनुसार (निजको देशको राष्ट्रिय कन्सुलेटले प्रकाशित गरेअनुसारको) वा यहुदी छुट्टी अनुसार पूर्ण पारिश्रमिक भुक्तानी हुने छुट्टी हुनेछ । यस्तो छुट्टी साँचेर एकैटक लिन सकिनेछैन ।

ङ. यदि कुनै छुट्टी साप्ताहिक आराम दिनमा परेमा कामदारले त्यसको सट्टामा अतिरिक्त छुट्टी पाउनेछैन र अतिरिक्त भुक्तानी पनि पाउनेछैन ।

च. रोजगारदाताले कामदारलाई माथि उल्लिखित बिदा तथा छुट्टिका लागि निजको सामान्य तलब बराबरको भुक्तानि दिनेछ । यदि कामदारले आफ्नो सबै छुट्टि लिनु अगावै रोजगारी समाप्त भएमा रोजगारदाताले माथिउल्लेखित उपभोग नगरिएका छुट्टिका लागि श्रम कानुन तथा विस्तारित आदेश अनुसार क्षतिपूति दिनेछ ।

## १०. बिरामी भएको दिन

कामदारलाई बिरामी भुक्तानी कानुन ५७३६-१९७६ बमोजिम बिरामी भुक्तानी पाउने अधिकार हुनेछ र त्यसअर्न्तगत निजको रोजगारीको अवधिका आधारमा, चिकित्सकले काममा अनुपस्थित हुन आवश्यक भनी लेखिदिएको पुर्जि दाखिला गरपश्चात, प्रत्येक महिनाको डेढ दिन (१.५ दिन) ले ९० दिनमा नबढ्ने गरी विरामी भुक्तानी पाउनेछ । कामदारले विरामी भएको पहिलो दिनको लागि भुक्तानी पाउनेछैन । विरामी भएको दोश्रो र तेश्रो दिन रोजगारदाताले कामदारलाई निजको नियमित तलबको कम्तिमा पनि आधा भुक्तानी गर्नेछ भने र चौथो दिन र त्यसपश्चातका दिनहरुको लागि रोजगारदाताले माथि उल्लेखित अवधिसम्मका लागि उक्त रोजगारदाताको लागि जति काम गरेको हो त्यसको आधारमा नियमित तलब दिनेछ ।

## ११. स्वास्थ्य र चिकित्सा बीमा

क. रोजगारदाताले कामदारलाई रोजगार अवधि भरका लागि इजराएली नियमअनुसार मेडिकल बीमा उपलब्ध गराउने छ ।

ख. स्वास्थ्य बीमा नीतिको एक प्रतिलिपि यो सम्झौता को परिशिष्ट ख मा कामदारले बुझ्ने भाषामा संलग्न गरिएको छ ।

ग. यदि चिकित्सा सेवा आवश्यक भएमा कामदारले बीमा प्रदान गर्ने लाई ........................................ मा सम्पर्क गर्नुपर्छ । रोजगारदाता, परिवारको जिम्मेवार सदस्य वा एजेन्सीले कामदार विरामी वा घाइते भएको अवस्थामा निजको चिकित्सा सेवा प्रदायकसँग पहुँच छ भन्ने कुरा सुनिश्चित गर्नेछन् ।

घ. इजराएली कानून तथा चिकित्सा विमा नीतिअनुसार यदी ९० दिनको उपचारपश्चात पनि स्वास्थ्यका कारण कामदारले निजको रोजगारीलाई निरन्तरता दिन सक्नेछैन भन्ने पत्ता लागेमा निज कामदार थप चिकित्सा सेवाका लागि योग्य हुनेछैन र यो सम्झौताको अन्त्य हुनेछ र निजले छोड्नुपर्छ भन्ने कुरा कामदारले बुझेको छ ।

ङ. रोजगारदाताले कर्मचारीको कुल मासिक तलबबाट माथि उल्लिखित चिकित्सा बीमा लागतको आधा रकमसम्म वा सम्बद्ध नियमावलीमा उल्लेख गरिएको अधिकतम रकम, हाल १२४.७३ मध्ये जुन कम हुन्छ त्यो रकम काट्न सक्नेछ । त्यसरी काट्न सकिने रकम इजराएली सरकारले समय समयमा अद्यावधिक गर्नेछ ।

## १२. आवास

क. रोजगारदाताले कामदारलाई रोजगारीको अवधि भरका लागि र काम नगरिरहेको अवधि तथा दिन र रोजगार अवधि सकिएको कम्तिमा पनि ७ दिनसम्म रोजगार अनुमतिपत्र बाहकको घरमा उपयुक्त आवास उपलब्ध गराउनेछ । कामदारले नियमित कार्य सप्ताहको अवधिमा रोजगारदाताको घरबाहिर वस्न सक्नेछैन, रोजगार अनुमतिपत्र बाहककै घरमा बस्नुपर्छ भन्ने कुरा बुझेको छ ।

ख. कामदारलाई रोजगारदाता वा निजको परिवारको जिम्मेवार सदस्यको अनुमती बिना पाहुना बोलाउने वा घरपालुवा जिवजन्तु पाल्ने वा घर तथा आवासको असामान्य प्रयोग गर्ने अनुमति छैन ।

ग. कामदार घोषण गर्दछ कि उ रोजगार अनुमतिपत्र बाहक घरमा भाडावालको रुपमा बसेको हैन, मात्र निजको अनुमतिमा त्यहाँ बसेको हो र निजलाई उक्त घरमा भाडावालको रुपमा प्राप्त हुने कुनै पनि अधिकार प्राप्त छैन, र भाडावाल सुरक्षा कानून वा त्यसलाई प्रतिस्थापन गर्ने अन्य कुनै कानून निजको सम्बन्धमा वा यस सम्झोताका सम्बन्धमा लागु हुने छैन ।

घ. कामदारलाई आपतकालीन स्थितीमा बाहेक रोजगारदाताको टेलिफोन प्रयोग गर्न निषेध छ भन्ने थाहा छ र त्यस्तो आपतकालिन स्थितीमा निजले आपतकालिन सेवा १०० वा १०१ मा वा परिवारको जिम्मेवार सदस्य वा एजेन्सीलाई फोन गर्नुपर्छ ।

ङ. रोजगारदाताले रोजगार अनुमतिपत्र बाहकको निवासको क्षेत्र अनुसार, इजराएली कानुनले अनुमति दिएको रकम आवास तथा अन्य सम्बन्धित खर्च को लागि, कामदारको तलबबाट कटौती गर्न सक्छ । त्यसरी काट्न सकिने अधिकतम रकम इजराएली सरकारले समय समयमा अद्यावधिक गर्दछ ।

वर्तमान अवस्थामा त्यसरी काट्न अनुमति दिएको रकम यस प्रकार रहेको छः

१. निवास क्षेत्र र रकमः जेरूशलेम ३९९.६६ , तेल अभिभ ४५४.७९ , हाइफा  ३०३.२२, केन्द्र ३०३.२२, दक्षिण २६९.५५, उत्तर २४८.०२ । यदि उक्त निवास रोजगार अनुमतिपत्र बाहकको स्वामित्वमा रहेको छ भने, अनुमति दिइएको अधिकतम रकम प्रत्येक क्षेत्रमा माथि उल्लेख गरिएको रकमको आधा मात्र हुनेछ ।

२. सम्बन्धित व्यय कटौती यन आइ यस ७९.४१ ।

## १३. तलब र तलब कट्टा

क. यो सम्झौता अन्तर्गत आफ्नो जिम्मेवारी पूरा गरेबापत रोजगारदाताले कामदारलाई कुल तलब ………………. भुक्तानि गर्नेछ । (जुन प्रति महिना चार हजार छ सय र पचास नयाँ इजराएली शेकेल भन्दा कम हनेछैन, र यो भनेको इजराएलमा हालको न्यूनतम पूर्णकालिन

मासिक ज्याला हो । यदि इजराएल राज्यको न्यूनतम ज्यालामा बृद्धि भएको खण्डमा माथि उल्लिखित कुल तलबमा परिमार्जन गरिनेछ ताकी उक्त रकम त्यस समयको प्रचलित न्युनतम ज्यालाभन्दा कम नहोस ।

ख. तलब भुक्तान गर्दा जुन महिनाको तलव भुक्तान गरिएको हो त्यसै महिनाको अन्त्य सम्ममा भुक्तान गरिनुपर्छ र त्यसरी गर्दा अर्को महिनाको ९औं दिन भन्दा पछि हुनु हुदैन ।

ग. माथिको तलब भुक्तान गर्दा रोजगारदाताले कामदारको नाममा इजरायलमा खोलिएको खातामा मात्र जम्मा गरिदिनुपर्छ । खतामा जम्मा गरिसकेपछि कामदारले चाहेअनुसार तलबको सबै वा आशिंक भाग विदेश पठाउन सक्छ ।

घ. रोजगारदाताले माथि उल्लिखित कुल तलबबाट निजले आय कर प्राधिकरण (हाल न्युनतम ज्यालामा ० प्रतिशत), तथा सामाजिक सुरक्षा (हाल ५६७८सम्मको तलबमा ०.०४ प्रतिशत) मा जम्मा गर्नु पर्ने रकम तथा यस सम्भौताको सम्बन्धित भागहरुमा उल्लेख गरिएको आवास तथा सम्बद्ध व्ययका साथसाथै चिकित्सा विमा जस्ता इजरायली कानुन र नियम अनुसार कट्टा गर्न अनुमती दिइएको रकमहरु कट्टा गर्न सक्नेछ । साथै यदि कामदारले रोजगारदाताबाट ऋण लिएको भए र निजले बुझ्ने भाषामा लिखित रुपमा त्यस्तो ऋण सम्झौता भएको भए त्यस्तो रकम पनि कट्टा गर्न सकिन्छ । तर त्यस्तो ऋण र माथि उल्लिखित अन्य रकमहरु कट्टा गर्दा उक्त महिनाको तलबको २५ प्रतिशत भन्दा ज्यादा हुनुहुदैन । तर रोजगारीको अन्तिम महिनामा भने २५ प्रतिशत सीमा लागू हुँदैन ।

ङ. कर्मचारीलाई माथि उल्लिखित तलबबाट प्रत्येक हप्ता ............. NIS अग्रिम भुक्तानी गरिनेछ। उक्त रकम निजको कुल मासिक तलब बाट कट्टा गरिनेछ ।

च. यदि रोजगारदाता इजरायली राष्ट्रिय विमा संस्थानबाट हेरचाह भुक्तानी पाउन योग्य रहेको अवस्थामा कामदारले प्रारम्भिक तथा मासिक रुपमा आवश्यक कागजात भरी हस्ताक्षर गर्न सहमित जनाउनेछ । र यस्तो अवस्थामा कानुन र यो सम्झौता बमोजिम कामदारको मासिक तलवको भाग र कार्य व्यवस्था रकम रोजगारदाताको तर्फबाट सिधै कामदारको बैक खातामा जिम्मेवार केयरगिविंग कम्पनीमार्फत राष्ट्रिय बिमा संस्थानको निर्देशनअनुसार भुक्तानी गरिने छ । र यस्तो केयरगिविंग कम्पनी कामदारको तलब हिस्सा भुक्तानीका लागि आवश्यक भुक्तानी गर्न र/वा जम्मा गर्न कानुन र यो सम्झौताबमोजिम जिम्मेवार हुनेछ ।

## १४. निवृत्तिभरण र अवकाश भुक्तानी जम्मा

क. माथि उल्लेखित तलब बाहेक रोजगारदाताले निवृत्तिभरण विस्तारित आदेशमा व्यवस्था भएबमोजिम कामदारको हालको औसत मासिक तलबको १२ प्रतिशत बरावर रकम (६ प्रतिशत निवृत्तिभरणको खातामा र ६ प्रतिशत अवकाश खातामा) रोजगारदाताले मुख्यगरी यस प्रयोजनका लागि खोलिएको बैंक खातामा जम्मा गरिदिनु पर्दछ। रोजगारी समयको अन्त्यमा सो खातामा जम्मा भएको उक्त रकम कामदारलाई हस्तान्तरण गरिनेछ। यदि कामदार अवकाश भुक्तानीका लागि योग्य भएमा रोजगारदाताले कुनै बाँकी रहेको रकम अवकाश भुक्तानी कानुन ५७२३-१९६३ बमोजिम जम्मा गर्न जिम्मेवार हुन्छ।

ख. माथि उल्लेखित निवृत्तिभरण विस्तारित आदेशको सट्टामा विदेशी केयरगिवरहरुका लागि मासिक निक्षेप सम्बन्धि पिबाद्वारा जारि गरिने नियमावलि लागु भएको अवस्थामा उक्त नियममा व्यवस्था भएको रकम रोजगारदाताद्वारा वा राष्ट्रिय विमा संस्थाद्वारा उक्त नियममा उल्लेख भए अनुसार पिबाको “बैदेशिक कामदार कोष”मा हस्तान्तरण गरिने छ र माथि उल्लेखित उपखण्ड (क) लागू हुने छैन्। यस्तो अवस्थामा समयमा आवेदन गरेअनुसार कामदारले थोरै कानुनी कटौतीपश्चात उसले इजरायल स्थायी रुपमा छोडेपछि वा विमानस्थलमा उसको इजरायलबात स्थायी प्रस्थानको समयमा पिबाबाट संचित रकम पाउने छ। तर यदि कामदार इजरायलमा गैह्कानुनी रुपमा वढी समयका लागि बसेमा पिबाले सञ्चित रकमबाट गैह्रकानुनी तथा अनुचित रुपमा बसेको प्रत्येक महिनाका लागि रकम कटौती गर्नेछ र ६ महिना बढी समय बसेमा कामदार उसको सम्पुर्ण संचित रकम दाबी गर्नबाट वञ्चित हुनेछ।

## १५. कार्यस्थलमा खाना र पेय पदार्थ

क. कामदारले आफ्नो खानाको व्यवस्था आफै गर्नु पर्नेछ।

ख. माथि जेसुकै उल्लेख भएपनि कामदारदाताले लिखित रुपमा उसले पाउने मासिक तलबको केही अंश रोजगारदाताले खरिद गरेको खाना र गैह् मादक पदार्थ कार्यस्थलमा उपभोग गर्न सहमति जनाएमा यसरी उपभोग गरिएको खाना र पेय पदार्थलाई उपयुक्त बजार मुल्य अनुसार कामदारको मासिक तलबको अंशको रुपमा गणना गरिनेछ र रोजगारदाताले उक्त कुराको पुष्टि आवश्यक बिलहरु मार्फत गर्नेछ।

## १६. राष्ट्रिय बीमा संस्थान

रोजगारदाताले कामदार इजरायलको कानुनबमोजिम कार्यस्थल दुर्घटना विमा तथा विदेशी केयरगिवरलाई उपलब्ध अन्य विमाका लागि राष्ट्रिय बीमा संस्थानमा दर्ता रहेको सुनिश्चित गर्नेछ र त्यसरी दर्ता गरिएको प्रमाण कामदारलाई उपलब्ध गराउनेछ । रोगारदाताले यसको लागि चाहिने रकम कानुनबमोजिम र सम्बन्धित प्रक्रिया बमोजिम संस्थानलाई उपलव्ध गराउने छ ।

## १७. यात्रा र यातायात

क. रोजगारदाताले कामदारलाई जिनको देशबाट इजरायलसम्म आउने र इजरायलबाट घरफर्कनको लागि हवाइ टिकट खरिद गरिदिने छ ।

## १८. रिकुपरेशन भुक्तानी

माथि उल्लेख भएको तलब र भुक्तानी बाहेक रिकुपरेशन भुक्तानी २००८ सम्बन्धी विस्तारित आदेश अनुसार कुनै पनि कामदार उसले पुरा एक वर्ष काम गरेपछि  रिकुपरेशन भुक्तानीको भागीदार हुनेछ । यो रकम रोजगारदाताले कामदारलाई काममा लगाएको वर्ष अनुसार अहिलेको दर प्रतिदिन एनआइइस ३७८ रहेको छ  र यो निम्नानुसार रहेको छ :

रोजगारीको पहिलो वर्षका लागि-५ दिन

रोजगारीको दोस्रो र तेस्रो वर्षका लागि-६ दिन

रोजगारीको चौंथो र पाँचौं वर्षका लागि-७ दिन

## १९. रोजगारदाताद्वारा रोजगारको अन्त्य

रोजगारदातालाई अग्रिम सुचनासम्बन्धि कानूनमा उल्लेख भए अनुसार कामदारले काम शुरुगरेको पहिलो ६ महिनाभित्र लिखित रुपमा कम्तीमा एक दिनको अग्रिम सुचना दिएर, सात महिना र एक वर्षसम्मको रोजगारमा ६ दिनको लिखित अग्रिम सुचना दिएर र रोजगारीको एक वर्ष पुरा गरेको अवस्थामा ३० दिनको अग्रिम लिखित सुचना दिएर सुनुवाइपश्चात कामदारको रोजगारी अन्त्य गर्न सक्ने अधिकार छ  । माथि उल्लेख भएबमोजिम सुचना नदिएको खण्डमा

अग्रिम सुचना दिने अविधको तलब अनिवार्य रुपमा रोजगारदाताले कामदारलाई प्रदान गर्नु पर्दछ ।

## २०. कामदारद्वारा रोजगारीको अन्त्य

क. पिबाको प्रक्रियाबमोजिम, कामदारले रोजगारदाता वा उसको जिम्मेवार नातेदार र जिम्मेवार एजेन्सीलाई अग्रिम लिखित सुचना दिएर रोजगारीको अन्त्य गर्न सक्दछ । सुचना दिनका लागि चाहिने समय निम्नानुसार रहेको छ :

– यदि केयरगिवरले अशक्तका लागि ७ दिन देखि ३ महिनासम्म काम गरेको भए उसले कम्तीमा ७ दिनको लिखित अग्रिम सुचना दिनुपर्दछ ।

– यदि केयरगिवरले अशक्तका लागि ४ दिन देखि ६ महिना सम्म काम गरेको भए उसले कम्तीमा १४ दिनको लिखित अग्रिम सुचना दिनुपर्दछ ।

– यदि केयरगिवरले अशक्तका लागि ७ महिनादेखि १ वर्षसम्म काम गरेको भए उसले कम्तीमा २१ दिनको लिखित अग्रिम सुचना दिनुपर्दछ ।

–यदि केयरगिवरले अशक्तका लागि १ वर्ष वा सो भन्दा बढी काम गरेको भए उसले कम्तीमा १ महिनाको लिखित अग्रिम सुचना दिनुपर्दछ ।

कामदारलाई कार्यस्थलमा दुर्व्यवहार भए वा निजले अन्य परिस्थितिका कारण युक्तिसंगत ढंगबाट आफ्नो रोजगारी जारी राख्न नसक्ने अवस्था आएमा माथि उल्लेख भएअनुसारको अग्रिम सुचना दिनुपर्ने दायित्व लागु हुने छैन ।

ख. माथिको खण्डमा उल्लेख भएबमोजिम कामदारले अग्रिम लिखित सुचना नदिएमा अग्रिम सुचना कानुनअनुसार कामदारले अग्रिम सुचना दिनुपर्ने अविधिको आफ्नो नियमित तलब रोजगारदातालाई बुझाउनु पर्ने हुनसक्छ र निजलाई सुनुवाइपछि पिबाले उसको सम्बन्धित देश फिर्ता पठाउन सक्नेछ ।

२१. कामदारले आफ्नो रोजगारीको अवधिमा र त्यसपछि रोजगारदातासँग सम्बन्धित निजी सुचना वा रोजगारीका क्रमका निजलाई थाहा हुन आएको, सार्वजनिक रुपमा उपलब्ध नभएको निजी सुचनाहरु रोजगारदाताको अवस्था र व्यवहारसँग सम्बन्धित सबै कुरामा गोप्यता कायम गर्नका लागि कसैलाई दिने वा कुनै किसिमले प्रयोग गर्ने छैन र रोजगारदाताको गोपनियतामा कुनै पनि तवरले हानि पुऱ्याउनेछैन ।

२२. यो सम्झौताले पक्षहरु बीच सहमति भएका सबै कुरालाई विस्तृत रुपमा समावेश गरी तिनीहरुलाई सोही अनुरुप अभिव्यक्त गरेको छ र यसमा दुवै पक्षले हस्ताक्षर गरिसकेपछि, यसमा समावेश नगरिएको कुनै पनि सहमती, वाचा वा दायित्वहरु पूनः लिखित रुपमा तयार गरेर पक्षहरुले हस्ताक्षर नगरेसम्मकुनै पनि मान्यता हुने छैन ।

२३. अस्थायी समयको लागि रोजगारदाता वा एजेन्सीलाई प्रवेषाज्ञा नविकरणका लागि दिनुपर्ने अवस्थामा बाहेक कामदारले आफ्नो राहदानी जुनसुकै समय पनि आफ्नै साथमा राख्ने अधिकार छ। र त्यस्तो अवस्थामा पनि नविकरण भएपछि सकेसम्म चाडो राहदानी रोजगारदाताले कामदारलाई फिर्ता गर्नु पर्दछ ।

२४. यस सम्झौता सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा पक्षहरुले मैत्रीपुर्ण माध्यमद्वारा त्यस्तो विवादलाई सुल्झाउने छैनन भन्ने कुरामा सहमत भएका छन्, त्यस प्रकारका विवाद इजरायल राज्यको कानुन बमोजिम समाधान गरिनेछ र सम्बन्धित इजराएली अदालत नै यस कररबाट उत्पन्न विवाद समाधान गर्ने क्षेत्राधिकारप्राप्त अदालत हुनेछ ।।

**२५. निरीक्षक र हटलाइन :**

क. विदेशी कामदारको गुनासो र जानकारीका लागि पिबाको हटलाइन फोन नं : १–७००–७०७–८८९

ख. उजुरी दर्ता गर्नका लागि अर्थ तथा उद्योग मन्त्रालयमा वैदेशक कामदारको अधिकारसम्बन्धी निरीक्षकलाई १–०३–७३४७२३० वा ०५०–६२४०५४६ सम्पर्क गर्न सकिनेछ ।:

२६. पक्षहरुले यो सम्झौतालाई राम्रोसंग पढेर यसको विषयबस्तु र महत्वलाई बुझेको कुरालाई प्रमाणित गर्दै उनीहरुले यसलाई आफ्नो भलाईका लागि विना दबाब र प्रभाव राजीखुशी हस्ताक्षर गरेको छन् ।

२७. रोजगारदाताका लागि काम गर्नका निमित्त इजरायल प्रवेश गर्न कामदारले मान्य राहदानी र काम अनुमति प्राप्त गर्नुपर्ने छ र कामदारले यस्तो राहदानी र काम अनुमति प्राप्त उ इजरायलमा आएपछि यो करारनामा कार्यान्वयनमा आउने छ । यो सम्झौता पत्रमा हस्ताक्षर भएको ६० दिनभित्रमा कामदार इजरायल प्रवेश नगरे यो सम्झौता अमान्य र खारेज हुनेछ ।

……………………………………

रोजगारदाता

……………………………………

हस्ताक्षर मिति

म, आधिकारिक वैदेशिक भर्ती एजेन्सीको प्रतिनिधि यो प्रमाणित गर्दछु की रोजगारदाताले मेरो उपस्थितिमा आज यो सम्झौता उसले यसमा भएका व्यस्थाहरुलाई बुझेको भन्दै हस्ताक्षर गरेका छन् ।

नाम : ……

परिचयपत्र नं. :………………………………

मिति : ……

……………………………………

कामदार

……………………………………

हस्ताक्षर मिति

तल हस्ताक्षर गर्ने म, रोजगारी एजेन्सी प्रतिनिधि, यो प्रमाणित गर्दछु की कामदारले मेरो उपस्थितिमा आज यो सम्झौता उसले यसमा भएका व्यवस्थाहरुलाई बुझेको भन्दै हस्ताक्षर गरेका छन् ।

नाम : ……

परिचयपत्र नं. :………………………………

आधिकारिक कार्य : ...........................

मिति : ....................................................

संलग्न कागजातहरु :

परिशिष्ट क – कामदारका आवश्कताहरु र आवासको विवरण

परिशिष्ट ख – कामदारले बुझ्ने भाषामा बीमा नीति